नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

(मापदण्ड तथा प्रत्यायन निर्देशनालय)

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :- २०८३/०८४

चलानी नं. :- १५८

मिति: २०८३/०६/१२

विषयः शिक्षक (फ्याकल्टी) को विवरण सम्बन्धमा ।

श्री चिकित्सा शिक्षा प्रदान गर्ने सबै विश्वविद्यालय, प्रतिष्ठान, कलेज, शिक्षण संस्थाहरू,

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २ को खण्ड (त) मा "शिक्षक (फ्याकल्टी)" भन्नाले उच्च शिक्षाको अध्यापनका लागि सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर गरी चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थामा अध्यापन, सेवा तथा अनुसन्धान गर्ने, गराउने प्राध्यापक, सह प्राध्यापक र उप प्राध्यापक सम्झनु पर्दछ भन्ने उल्लेख भएको बेहोरा सबैमा विदितै छ । शिक्षक (फ्याकल्टी) का सम्बन्धमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २१ मा भएको व्यवस्था कार्यान्वयनका लागि यस आयोगको २०८२/०४/१५ को पत्रानुसार जानकारी गराइसकिएको छ । आयोगले सिट निर्धारण प्रयोजनका लागि पूर्णकालीन रूपमा नियुक्त भएका शिक्षक (फ्याकल्टी) लाई मात्र गणना गर्ने व्यहोरा अवगत नै छ । तथापी कतिपय विश्वविद्यालय, विश्वविद्यालय अन्तर्गत सम्बन्धन स्वीकृति पाएका कलेजहरू र प्रतिष्ठानहरूले आंशिक रूपमा कार्यरत शिक्षक (फ्याकल्टी), भिजिटिङ शिक्षक (फ्याकल्टी) आदिलाई देखाएर विद्यार्थीको सिट लिने गरेको भन्ने गुनासाहरू बारम्बार आउने गरेका छन् ।

पूर्णकालीन रूपमा नियुक्ति नभएका शिक्षक (फ्याकल्टी) को आधारमा विद्यार्थीको सिट लिनु फ्याकल्टीको आचारसंहिता र नैतिकताको विपरित हुने हुँदा सो पक्षलाई समेत विश्वविद्यालय, प्रतिष्ठान र फ्याकल्टी स्वयमले ख्याल गर्नु पर्ने हुन्छ । अन्यथा आगामी दिनमा यस आयोग र सम्बन्धित काउन्सिल समेतबाट कारवाही प्रक्रिया अगाडि बढाईने छ ।

साथै यस आयोगको च.नं. १०६३ र १०६५ मिति २०८३/०३/३२ को पत्रानुसार सबै विश्वविद्यालय, प्रतिष्ठान र विश्वविद्यालयहरूबाट सम्बन्धन प्राप्त कलेजहरूमा कार्यरत MBBS, MD/MS, DM/MCh कार्यक्रममा अध्यापन गर्ने फ्याकल्टीको विवरण विभागगत (Department wise) रूपमा माग गरिएकोमा हालसम्म पनि उक्त विवरण नपठाएका विश्वविद्यालय, प्रतिष्ठानहरूले सो विवरण ५(पाँच) दिन भित्रमा पठाउनु हुन समेत निर्देशानुसार अनुरोध छ ।

(रूद्रप्रसाद रेग्मी)
उप सचिव

फोन: ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेल: info@mec.gov.np | वेबसाइट: www.mec.gov.np

CamScanner